बैठक नं ४३ मिति : २०७५/१०/०७

आज मिति २०७५ साल माघ ०७ गते सोमवार दिनको ७.३० वजे खँदवारी नगर कार्यपालिकाका प्रमुख श्री मुरारीप्रसाद खतिवडा ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको त्रिचालिसौ वैठक वसी देहाय अनुसारको प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो।

उपस्थिति

| | | |
|---|---|---|
| १. | नगर कार्यपालिका प्रमुख | श्री मुरारीप्रसाद खतिवडा |
| २. | नगर कार्यपालिका उप-प्रमुख | श्री डेगेश्वरी श्रेष्ठ |
| ३. | नगर कार्यपालिका सदस्य, वडा नं १ | श्री निरञ्जन श्रेष्ठ |
| ४. | नगर कार्यपालिका सदस्य, वडा नं २ | श्री ज्ञानवहादुर श्रेष्ठ |
| ५. | नगर कार्यपालिका सदस्य, वडा नं ३ | श्री नरेन्द्र गुरुङ्ग |
| ६. | नगर कार्यपालिका सदस्य, वडा नं ४ | श्री सजित राई |
| ७. | नगर कार्यपालिका सदस्य, वडा नं ५ | श्री श्यामप्रसाद निरौला |
| ८. | नगर कार्यपालिका सदस्य, वडा नं ६ | श्री दयानिधी वराल |
| ९. | नगर कार्यपालिका सदस्य, वडा नं ७ | श्री मौसम आले मगर |
| १०. | नगर कार्यपालिका सदस्य, वडा नं ८ | श्री डम्वरवहादुर कटुवाल |
| ११. | नगर कार्यपालिका सदस्य, वडा नं ९ | श्री टिकाराम कुमाल |
| १२. | का.वा.नगर कार्यपालिकासदस्य, वडा नं १० | श्री वलराम राई |
| १३. | नगर कार्यपालिका सदस्य, वडा नं ११ | श्री नगेन्द्र गुरुङ्ग |
| १४. | नगर कार्यपालिका सदस्य, वडा नं ३ | श्री सुनीता कटुवाल कार्की |
| १५. | नगर कार्यपालिका सदस्य, वडा नं १ | श्री कुङ्गाङ लामा |
| १६. | नगर कार्यपालिका सदस्य, वडा नं २ | श्री वालकुमारी सोडारी |
| १७. | नगर कार्यपालिका सदस्य, वडा नं ३ | श्री इन्द्रमाया वराइली |
| १८. | नगर कार्यपालिका सदस्य, वडा नं ४ | श्री गोपी घिमिरे |
| १९. | नगर कार्यपालिका सदस्य, वडा नं १० | श्री चन्द्रकला तामाङ्ग |
| २०. | नगर कार्यपालिका सदस्य, वडा नं ८ | श्री लक्ष्मी राई सुनुवार |
| २१. | नगर कार्यपालिका सदस्य, वडा नं १० | श्री पदमलाल सार्की |
| २२. | नगर कार्यपालिका सचिव | श्री पुरुषोत्तम घिमिरे |
| २३. | लेखा अधिकृत | श्री रुद्रमणि श्रेष्ठ |
| २४. | ना.स.कार्यपलिका सचिवालय (बैठक निर्णय लेखक) श्री [illegible] | |

प्रस्तावहरु:

१ सामाजिक परिचालकहरुको करार नवीकरण र सेवा सुविधा थप ।

२ खाँदवारी अस्पताल शहरी स्वास्थ्य केन्द्र र गाउँघर क्लिनिकमा कार्यरत स्वास्थ्यकर्मीहरुको करार नवीकरण ।

३ वडा कार्यालयको लागी जग्गा प्राप्त गर्ने ।

४ नगरपालिकाको आयमूलक भवनको विद्युत तथा खानेपानी व्यवस्था ।

५ गिटी बालुवाको ठेक्का ।

६ मासिक इन्धनको व्यवस्था ।

७ क्रसर सञ्चालन मापदण्ड सम्बन्धमा ।

८ कृषि विकास शाखाको मिनी पावर ट्रिलर र भकारो सुधार कार्यक्रम ।

९ अनुगमन मूल्याङ्कन खर्च अनुमोदन ।

१० सेवा करारमा लिने ।

११ परीक्षा प्रणाली व्यवस्थापन ।

निर्णयहरू

१ (क) नगरपालिकाका सबै वडाहरुमा कार्यरत सामाजिक परिचालकहरुको करार अवधि पुष मसान्तमा समाप्त भइसकेको छ । वडा कार्यालयमा रहेको कामको चाप र सामाजिक परिचालकबाट सम्पादित कामको उच्च मूल्याङ्कन गर्दै निजहरुको करार अवधि २०७६ असार मसान्तसम्मको लागी नवीकरण गर्ने ।

| सि नं | नाम | कार्यरत वडा |
|---|---|---|
| १ | रजिता पाठक | १ |
| २ | रोशन निरौला | २ |
| ३ | चुडादेवी श्रेष्ठ | ३ |
| ४ | अञ्जु राई | ४ |
| ५ | सुशिला गौतम | ५ |
| ६ | निर्मला चापागाई | ६ |
| ७ | नमिता कार्की | ७ |
| ८ | तुलसी घिमिरे | ८ |
| ९ | सुष्मा घिमिरे | ९ |
| १० | धननारायण राई | १० |
| ११ | लालबहुर दर्जी | ११ |

(ख) नगरपालिकाको आयस्रोत र बढ्दो महङ्गीलाई मध्यनजर राख्दै हालसम्म सामाजिक परिचालकलाई दिइदै आएको मासिक पारिश्रमिक रु १२ हजारबाट न्यूनतम मानवोचित जीवनयापनका लागी अपर्याप्त भएको महसुस गरी तत्काललाइ प्रोत्साहन कार्यविधि अनुसार रु १६ हजार मासिक पाउने गरी व्यवस्था गर्ने ।

(ग) नगरकार्यपालिकाको कार्यालयमा दरबन्दी बाहेकका पदमा कार्यरत कर्मचारीहरुको करार अवधि समाप्त भएकोले २०७६ असार मसान्तसम्मको लागी करार अवधि नवीकरण गर्ने ।

२ नगर स्वास्थ्य केन्द्र शहरी स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मीहरुको करार अवधि २०७५ पुष मसान्तमा समाप्त भएकोले निजहरुको कार्यसम्पादन सन्तोषजनक रहेकोले निम्न व्यक्तिहरुको करार अवधि २०७६ असार मसान्तसम्मको लागी थप गर्ने ।

| सि नं | नाम | पद | कार्यरत |
|---|---|---|---|
| १ | कमल राई | अहेव | शहरी स्वास्थ्य केन्द्र चेवावेंसी |
| २ | सहारा वर्देवा | अनमी | शहरी स्वास्थ्य केन्द्र चेवावेंसी |
| ३ | सृष्टि राई | अहेव | नगर स्वास्थ्य केन्द्र सेकाहा |
| ४ | तारा राई | अनमी | नगर स्वास्थ्य केन्द्र सेकाहा |
| ५ | सरिता गुरुङ्ग | का स | नगर स्वास्थ्य केन्द्र सेकाहा |
| ६ | सर्मिला तामाङ्ग | अनमी | स्वास्थ्य चौकी तुम्लिङ्गार |
| ७ | धनकुमारी रानामगर राइ | अहेव | शहरी स्वास्थ्य केन्द्र पाङमा |
| ८ | सिर्जना गुरुङ्ग | अनमी | शहरी स्वास्थ्य केन्द्र पाङमा |
| ९ | सन्तोसी खत्री चौहान | का स | शहरी स्वास्थ्य केन्द्र पाङमा |
| १० | सीता पाण्डे | का स | शितलपाटी स्वास्थ्य चौकी |
| ११ | सुनिता निरौला | का स | माल्टा स्वास्थ्य चौकी |
| १२ | पराशर अधिकारी | का स | मनकामना स्वास्थ्य चौकी |
| १३ | विनोद कुमार कटुवाल | ह स चा | जिल्ला अस्पताल |
| १४ | मिना तामाङ्ग | का स | जिल्ला अस्पताल |
| १५ | सिता कार्की डाँगी | का स | जिल्ला अस्पताल |
| १६ | प्रेमप्रसाद पराजुली | का स | जिल्ला अस्पताल |
| १७ | कुसे मरिक डोम | का स | जिल्ला अस्पताल |
| १८ | दलमान राइ | का स | जिल्ला अस्पताल |
| १९ | कमला लामा | का स | जिल्ला अस्पताल |
| २० | नरमाया ठटाल | का स | जिल्ला अस्पताल |
| २१ | विद्या अधिकारी | अनमी | स्वास्थ्य चौकी तुम्लिङ्गार |
| २२ | विनिता राई | अनमी | नगर स्वास्थ्य केन्द्र सेकाहा |
| २३ | लोकबहादुर आलेमगर | का स | जिल्ला आयुर्वेद स्यास्थ्य केन्द्र |
| २४ | इश्वर खनाल | अभ्यंगकर्ता | जिल्ला आयुर्वेद स्यास्थ्य केन्द्र |
| २५ | मधु शर्मा घिमिरे | अभ्यंगकर्ता | जिल्ला आयुर्वेद स्यास्थ्य केन्द्र |

३ खाँदवारी नगरपालिका वडा नं ८ को वडा कौर्यालय भवन निर्माणको लागी निःशुल्क जग्गा प्राप्त गर्न वडा कार्यालयबाट गरिएको प्रयासमा वडा कार्यालय निर्माण मापदण्ड अनुसारको जग्गा विना शुल्क प्राप्त गर्न कठिनाइ रह्यो । हालको वडा कार्यालय रहेको भवनसंग जोडिएको जग्गाधनी सुरेन्द्र विष्टले २ मीटर चौडाइ

निःशुल्क प्रदान गर्ने र ७ मीटर जग्गा खरीद नगरी नपाइने अवस्था रहेको हुँदा निजले उपलव्ध गराउन चाहेको प्रतिमीटर १ एक लाखको दरले ७ लाखको करीव १ एक रोपनी क्षेत्रफल जग्गा खरीद गर्न जग्गा प्राप्ति ऐन २०३४ को दफा ५अनुसार खाँदवारी नगरकार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाइ जग्गा प्राप्तिको प्रारम्भिक कारवाइ गर्ने अधिकारी तोकिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने ।

४ नगरपालिकाको स्वामित्वमा रहेको खाँदवारी नगरपालिका वडा नं १ भानुचोक नजिकको आयमूलक भवनमा विद्युत वाइरिङ्ग तथा स्यानिटेशनको काम बाँकी रहेको हुँदा भवन अधुरो रहि उपयोग विहीन अवस्थामा रहेको छ । सो भवनको विद्युतिकरण र स्यानिटेशन सम्बन्धी कामको लागी रु ४ लाख ५० हजार बराबरको लागत अनुमान तयार भएको हुँदा लागत अनुमान अनुसारको रकम तथा अरु निम्नानुसारका क्षेत्रमा माँग भएको रकम मर्मत सम्भार कोषबाट विनियोजन गरी कार्यान्वयन गर्ने ।

| क सं | कार्यक्रमको विवरण | छुट्याइने रकम | कुन शीर्षकबाट |
|---|---|---|---|
| १ | मगर संघको लागी | २ लाख पचास हजार | मर्मत संभार कोष |
| २ | वडेरेनी कुलो | ५ लाख | मर्मत संभार |
| ३ | बन्दुके बाटो र कुलो | १ लाख | मर्मत संभार |
| ४ | वडा नं १ को इन्टेक मर्मत | ४५ हजार | मर्मत संभार |
| ५ | वडा नं ८ को धारा निर्माण | १ लाख | मर्मत संभार |
| ६ | ब्रुण क्याम्पस स्वविय सरस्वती मूर्ति र खेलकुद कोर्ट | १ लाख ६० हजार | मर्मत संभार |
| ७ | सिम्ले खा पा यो मर्मत कोष | १ लाख | मर्मत संभार |

५ यस नगरपालिका क्षेत्रभित्रका खोलानालाबाट प्राकृतिक स्रोत गिटि बालुवा संकलन तथा निकासीको लागी भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार रु ३० लाखको सूचना दोस्रोपटक प्रकाशित गर्दासम्म कसैको टेण्डर पर्न आएन । खोलानालाबाट गिटि बालुवा उत्खनन गर्ने अवधि ४ महिना वितिसकेको र यस अवधिमा नगरपालिकाबाट अमानतमा उठाइएको रकमको तुलनात्मक विश्लेषण गर्दा बाँकी ५ महिनामा रु १२ बाह्र लाख अनुमानित रकम उठ्नसक्ने देखिएकोले प्रत्यक्ष वार्ताद्वारा न्यूनतम् १२ लाखमा नघट्ने गरी मध्यस्थ गरी ठेक्कामा लगाउने ।

६ नगरपालिकाले वडा समितिको कार्यालयहरुको प्रयोजनका लागी नयाँ मोटरसाइकल खरीद गरी उपलव्ध गराइसकेको छ ।। नगरकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुका लागी समेत मोटर साइकल उपलव्ध गराइएको र केही कर्मचारीहरुले नीजि मोटरसाइकल चलाइ कार्यालयको कार्यसम्पादन गरी आएको अवस्थामा मासिक रुपमा इन्धन उपलव्ध गराउन निश्चित परिमाण तोक्न वाञ्छनीय भएकोले आजका मितिबाट लागू हुने गरी निम्नानुसार परिमाणमा उपलव्ध गराउने ।

| सि नं | पद | उपलव्ध गराइने परिमाण | कैफियत |
|---|---|---|---|
| १ | वडाध्यक्ष | २० विस लिटर<br>१५ पन्ध्र लिटर | वडा नं २ १० ११ ५ र ६<br>बाँकी वडाको लागी |

| | | | |
|---|---|---|---|
| २ | वडा सचिव | १० दश लिटर<br>१५ पन्ध्र लिटर | बाँकी वडाको लागी<br>वडा नं २ १० ११ ५ र ६ |
| ३ | प्राविधिक | २० विस लिटर | |
| ४ | निजी मोटरसाइकलका लागी | १० दश लिटर | |

७ नगरक्षेत्रभित्र रहेका क्रसरहरु मापदण्ड भन्दा वाहिर भइ जिल्ला वन कार्यालयबाट बन्द गराइदा नगरका सम्पूर्ण भौतिक पूर्वाधार निर्माणमा असर पर्न गएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार नगरपालिकाले व्यवसाय दर्ता गर्नसक्ने भएकोले क्रसर सञ्चालन गर्न इच्छुक व्यवसायीले व्यवसाय दर्ता गर्नसक्ने व्यवस्था छ । हाल वहालरहेको क्रसर सञ्चालन सम्बन्धी कार्यविधि अनुसार हाम्रो तहमा कुनै पनि क्रसर व्यवसाय सञ्चालन हुनसक्ने अवस्था नहुँदा यस जिल्लाको लागी छुट्टै मापदण्ड तयार गरी नेपाल सरकारबाट क्रसर सञ्चालन मापदण्डमा संशोधनको पहल हुन जिल्ला समन्वय समितिलाइ अनुरोध गर्ने ।

८ कृषि विकास शाखाबाट स्वीकत वार्षिक कार्यक्रम अनुसार नगरक्षेत्रभित्र ५० प्रतिशत अनुदानमा २५ वटा मिनीपावर टिलरका लागी ५२ वटा माँग निवेदन प्राप्त भएको ७५ प्रतिशत अनुदानमा घाँस काट्ने मेसिनको लागी १२ वटाको निवेदन प्राप्त भएको र १५० वटा भकारो तथा बंगुर गोठ सुधारका लागी पर्न आएका १५० नै निवेदन पर्न आएको हुँदा छनौट भएका संलग्न दरखास्तवालालाइ वितरण गर्ने निर्णय गरियो ।

९ नगर प्रमुख मुरारी प्रसाद खतिवडाको निम्नानुसारको अनुगमन तथा मूल्याङ्कन खर्च अनुमोदन गर्ने

| सि नं | मिति | स्थान |
|---|---|---|
| १ | २०७५ मसीर २८ देखि पुस २ सम्म | बिराटनगर |
| २ | २०७५ मंसीर ५ देखि ११ सम्म | नगरपालिका संघको बैठक बिराटनगर |
| ३ | २०७५ असोज १४ देखि २३ सम्म | प्रदेश परिषदको बैठक बिराटनगर |
| ४ | २०७५ कार्तिक १२ देखि १८ सम्म | सिआइएको बैठक बिराटनगर |
| ५ | २०७५ भाद्र ११देखि २२ सम्म | नगरपालिका संघ बिराटनगर |
| ६ | २०७५ श्रावण १२ देखि २४ सम्म | एम्बुलेन्स लिन काठमाण्डौ |

१२ नगर कार्यपालिकाको कार्यालयमा लेखा शाखामा कामकाज गर्ने गरी सहायक कम्प्युटर अपरेटर १ एक प्रमुख प्रशासकीय अधिकृतको लागी कार्यालय सहयोगी १ एक र दमकल सञ्चालनको लागी हेभी सवारी चालकको न्यूनतम पारिश्रमिक पाउने गरी हेभी सवारी चालक १ एकको सेवा करारमा लिने ।

१३ नगर क्षेत्रभित्रका विद्यालयहरुको परीक्षा प्रणाली व्यवस्थित गर्नका लागी शिक्षामा विनियोजित वजेटबाट सफ्टवेयर व्यवस्था गर्ने ।